धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३३२ ◆ २०८३ असार ४ गते बिहीबार, Thursday, June 18, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## गेरुवामा निशुल्क लोकसेवा तालिम

बर्दिया । बर्दियाको गेरुवा गाउँपालिकामा निशुल्क लोक सेवा तयारी कक्षाको समापन भएको छ ।

गेरुवा गाउँपालिका बर्दियाको सहयोग तथा बास नेपालको सहजीकरणमा लक्षित बर्ग उत्थान कार्यक्रम अन्तर्गत प्रशासन तर्फ चौथो र पाँचौं वा सो सरह लोक सेवा तयारी कक्षाको गत आईतवार समापन भएको हो ।

३० दिने निशुल्क लोकसेवा तयारी कक्षाको समापन सत्रमा बोल्दै गेरुवा गाउँपालिकाका अध्यक्ष जमान सिंह केसीले उक्त तालिमबाट सिकेका ज्ञानलाई ब्यवहारमा प्रयोग गर्न सुझाव दिएका थिए । स्थानिय युवाहरुलाई लक्षित गरी आयोजना गरिएको तालिमले स्वदेशमै रोजगारी दिलाउन र सरकारी जागिरमा प्रबेश गर्न मद्धत पुग्ने हेतुले आयोजना गरिएको सहभागीहरलाई ईन्गित गर्दै अध्यक्ष केसीले बताए । त्यसैगरी कार्यक्रममा बाल्दै लोकसेवा तयारी कक्षा सहजीकरण संस्था बास नेपालका कार्यकारी निर्देशक नमस्कार शाहले स्थानिय सरकारले आफ्ना युवाहरुलाई स्थानिय स्तरमै लोक सेवाको तयारी कक्षाको ब्यवस्था गरेकामा धन्यवाद दिए । गाँउबाट त्यहि कक्षा लिन देशका बिभिन्न शहरमा गएर पढ्नु पर्ने बाध्यताको अन्त्य गरी आफ्नै गाउँठाउँमा पढ्न पाउनु सहभागीहरुको लागि अवसर भएकाले यो अवसरको सही सदुपयोग गर्न सहभागी हरुलाई सुझाए । सहभागी बिद्यार्थीहरुको तर्फबाट प्रतिक्रिया भनाई राख्दै सनिश थारुले आफ्नै गाउँमा पढ्न पाउने वातावरण उपलब्ध गराएकोमा आयोजक संस्थालाई धन्यवाद दिए । तालिम बाट लोकसेवाको लागि महत्वपुर्ण टिप्सहरु प्राप्त भएकोमा खुशी ब्यक्त गरे ।

तालिमका सहभागीहरुलाई पालिका पालिका अध्यक्ष, उपाध्यक्ष बाट प्रमाणपत्र र लोकसेवाका किताबहरु बितरण गरिएको थियो । गेरुवा गाउँपालिका अध्यक्ष जमान सिंह केसीको अध्यक्षतामा आयोजित समापन कार्यक्रममा गेरुवा गाउँपालिका उपाध्यक्ष लक्ष्मी कुमारी चौधरी, सामाजिक बिकास संयोजक तथा गेरुवा गाउापालिका वडा नम्बर ३ का अध्यक्ष निमृल कुमार चौधरी, बास नेपालका केन्द्रीय महासचिव कलपना अधिकारी, कार्यकारी निर्देशक नमस्कार शाह, गेरुवा गाउँपालिकाका लेखा अधिकृत सुदिप सिग्देल लगायतको सहभागीता रहेको थियो ।

बास नेपालका कार्यकारी निर्देशक नमस्कार शाहले स्वागत गरेको कार्यक्रमको सञ्चालन गेरुवा गाउँ पालिकाका महिला बालबालिका तथा जेष्ट नागरिक शाखा प्रमुख रमा पुन मगरले सञ्चालन गरेकी थिईन् ।

## एकै दिन नौ जना पक्राउ

काठमाडौं । वैदेशिक रोजगारीका क्षेत्रमा हुने ठगी नियन्त्रण र श्रमिकका समस्या समाधानका लागि वैदेशिक रोजगार विभागले आफ्नो सक्रियता बढाएको छ । विभागका अनुसार यही असार ३ गते मुद्दा तथा अनुसन्धान शाखामा २९ वटा नयाँ जाहेरी दर्ता भएका छन् ।

पछिल्लो विवरण अनुसार २८ वटा पक्राउ पुर्जी जारी गरिएको छ भने नौ जनालाई पक्राउ गरी उपस्थित गराइएको छ । यसै गरी, नौ वटा मुद्दामा आपसी मिलापत्र गराइएको छ भने बैङ्कलाई लेखिएको पत्र, अभियोग पत्र र राय पत्रलगायत ६८ वटा पत्रहरू चलानी गरिएको विभागले जनाएको छ । संस्था अनुगमन शाखाले म्यानपावर व्यवसायी हरूलाई ५ वटा पत्राचार गरेको छ भने १६ वटा राहदानी वितरण गरेको छ । त्यसै गरी, राहत, उद्धार तथा समन्वय शाखाको सक्रियतामा ६ जनाको उद्धार गरिएको छ भने २ जनालाई क्षतिपूर्ति उपलब्ध गराइएको छ । उक्त शाखाले १० वटा नयाँ उजुरी दर्ता गरी १३ वटा द्विपक्षीय छलफल र १५ वटा परामर्श सेवा समेत प्रदान गरेको छ ।

गुनासो व्यवस्थापनमा उच्च प्राथमिकताका लागि सरकारले सञ्चालन गरेको 'हेलो सरकार'मार्फत प्राप्त ११ वटा गुनासोमध्ये ९ वटाको तत्काल समाधान गरिएको छ । यस्तै, विभागको आफ्नै कल सेन्टरमा प्राप्त ४७ वटा गुनासोमध्ये २९ वटा समाधान भइसकेका छन् भने अन्य प्रक्रियामा रहेका छन् । युवा श्रम तथा रोजगार मन्त्री रामजी यादवको सचिवालय र ह्वाट्सएप मार्फत प्राप्त हुने राहत तथा उद्धारका गुनासोहरूलाई थप प्रभावकारी बनाउन विभागले नयाँ प्रक्रियाको सुझाव दिएको छ । त्यसै क्रममा आधिकारिक पत्र र आवश्यक कागजात संलग्न गरी पठाउँदा राहत तथा उद्धार कार्यमा थप प्रभावकारी हुने विभागले जनाएको छ ।

## राष्ट्रिय सेवा दल तालिम शुभारम्भ

काठमाडौँ । राष्ट्रिय सेवा दलले गत सोमबारदेखि देशभरका २२१ वटा विद्यालयमा अध्ययनरत छात्रछात्रालाई जुनियर डिभिजन राष्ट्रिय सेवा दल तालिमको शुभारम्भ गरेको छ । दुई चरणमा सञ्चालन हुने उक्त तालिममा छ हजार ६३० जना विद्यार्थी समेटिने छन् । यसअन्तर्गत पहिलो चरणमा संस्थागत तालिम र दोस्रो चरणमा वार्षिक सामूहिक क्याम्प सञ्चालन सञ्चालन हुनेछ । ३६ वटा विद्यालयमा अध्ययनरत एक हजार ८० जना छात्रछात्रा समावेश गरी आगामी भदौदेखि सिनियर डिभिजन तालिम सञ्चालन गर्ने योजना रहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । तालिममा सैनिक कला, विपद् जोखिम न्यूनीकरण, नेतृत्व तथा व्यक्तित्व विकास, सामाजिक उत्तरदायित्व, अनुशासन लगायत विविध विषयमा सैद्धान्तिक तथा व्यावहारिक ज्ञान प्रदान गरिनेछ ।

## नागढुङ्गा सुरुङमार्गमा साउनदेखि सञ्चालनको तयारी

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । नागढुङ्गा-नौबिसे सुरुङमार्गबाट सवारीसाधन साउन महिनादेखि सञ्चालनमा ल्याउनेगरी आवश्यक तयारी थालिएको छ ।

नेपालको बहुप्रतिक्षित सुरुङमार्ग आयोजना सञ्चालनमा आएसँगै नौबिसे-नागढुङ्गा सडकखण्डमा हुने सवारी आवतजावत सहज हुने अपेक्षा गरिएको छ । नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजनाका आयोजना निर्देशक सौजन्य नेपालले आगामी साउनभित्रै नागढुङ्गा सुरुङमार्ग सञ्चालन गर्ने गरी आन्तरिक तयारी थालिएको जानकारी दिनुभयो । "सुरुङमार्गभित्रका सबैजसो काम सकिसकेको छ । सुरुङभित्र हुने आकस्मिक कुनै घटना भएमा कसरी उद्धार गर्ने र सवारी व्यवस्थापन गर्ने विषयमा आवश्यक परीक्षणका काम भइराखेको छ", उहाँले भन्नुभयो, "सुरुङमार्ग बाहिरको पहिरो रोकथामको काममात्रै बाँकी छ ।"

नागढुङ्गा-नौबिसे सुरुङमार्गअन्तर्गत दुई हजार ६८८ मिटर कुल लम्बाइ रहेको छ । सुरुआती ठेक्का सम्झौताअनुसार यो आयोजना २६ अप्रिल २०२३ भित्रै सम्पन्न हुनुपर्ने थियो । ठेकेदार कम्पनीको ढिलासुस्ती र स्थानीयवासीको अवरोधका कारणले यो आयोजना निर्माणको कामले गति लिन नसकेको हो । आयोजनाका अनुसार अहिले सुरुङमार्ग सञ्चालन, व्यवस्थापन अभ्यासको काम हुँदै आइरहेको छ ।

आयोजनाका निर्देशक नेपालले नागढुङ्गा-नौबिसे सुरुङमार्ग उपयोग गरेबापत तिर्नुपर्ने दस्तुर (टोल) सङ्कलन गर्ने बैंकको छनोट र कार्ड छाप्नेलगायतको प्रक्रिया पनि अघि बढिसकेको दाबी गर्नुभयो । आयोजनाले नागढुङ्गा-नौबिसे सुरुङमार्गमा गुड्ने सवारीसाधनबाट तीन तरिकाबाट दस्तुत तिर्न मिल्ने व्यवस्था मिलाएको छ । 'म्यानुअल' रूपमा सवारी चालकबाट नगदै लिने व्यवस्था, 'क्यूआर कोड' स्कानिङ गरेर र सवारीसाधनमा टाँस्ने स्टिकरलाई उच्च क्षमताको क्यामेरामार्फत रिड गरेर पनि भुक्तानी गर्न मिल्ने व्यवस्था मिलाइएको छ । बोलपत्रमार्फत युसिन एआरटी कम्पनीले रु एक अर्ब १० करोड लागतमा पाँच वर्षका लागि सुरुङमार्गको सञ्चालन, व्यवस्थापन र मर्मतसम्भारलगायतको जिम्मेवारी पाएको छ । आयोजनाका निर्देशक नेपालले सुरुङमार्ग उपयोग गर्ने सवारीसाधनबाट उठेको दस्तुर रकम व्यवस्थापकले सङ्कलन गरेर सडक बोर्ड नेपालको खातामा दाखिला गर्नुपर्नेछ । सो बोलपत्रमा १० वटा कम्पनीको आवेदन परेको थियो । कम्पनीले ३६५ दिनमा चौबिसै घण्टा सञ्चालन गर्नेछन् । "सुरुङमार्ग व्यवस्थापन र सञ्चालनमा १५० जना जनशक्ति खटिनेछन्", उहाँले भन्नुभयो, "सुरुङमार्ग पूर्ण रूपमा सञ्चालनमा आउँदा दिउँसोको 'पिकआवर'मा एकैपटक ४० कर्मचारी खटिनेछन् ।" अहिले सुरुङमार्गभित्र आन्तरिक तयारीका काम भइरहेका छन् । असार महिनाभित्र सबै खालका तयारी पूरा गरेर सुरुङमार्गबाट सवारीसाधन गुडाउने लक्ष्य राखेका छौँ । आयोजनाका अनुसार काठमाडौँ प्रवेश तथा बाहिरिने नागढुङ्गा-नौबिसेनाका हुँदै दैनिक औसतमा दुई पाङ्ग्रेबाहेक करिब आठ हजारभन्दा धेरै साना तथा ठूला सवारीसाधन गुड्ने गर्छन् । आयोजनाका निर्देशक नेपालले नागढुङ्गा-नौबिसे सडकखण्डबाट भित्रिने र बाहिरिने सवारीसाधनमध्ये करिब ६० प्रतिशत सवारीसाधनले सुरुङमार्गको उपयोग गर्ने अनुमान गरिएको जानकारी दिनुभयो ।

## रास्वपाको केन्द्रीय सदस्यमा सुदामा कार्कीले उम्मेदवारी दिने

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । युवा पर्यटन व्यवसायी एंव समाजसेवी सुदामा कार्की क्षेत्रीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को केन्द्रीय सदस्य पदमा उम्मेदवारी दिने भएको छन् । असार ७, ८ र ९ गते चितवनमा हुने महाधिवेशनमा पार्टीको केन्द्रीय सदस्य पदका आकांक्षी कार्कीले पार्टी संगठनलाई अझ सशक्त, प्रभावकारी र जनमुखी बनाउन आफूले योगदान दिन उम्मेदवार बन्न लागेको बताएका छन् । कार्की रास्वपा काठमाडौं महानगर अधिबेशनबाट केन्द्रिय महाधिवेशन प्रतिनिधिमा निर्बाचित भएका थिए ।

लामो समयदेखि पर्यटन व्यवसायमा सक्रिय कार्की सफल पर्यटन व्यवसायीका रूपमा परिचित छन् । पर्यटन क्षेत्रको व्यावहारिक अनुभव, व्यवस्थापकीय क्षमता तथा निजी क्षेत्रसँगको सहकार्यलाई राजनीतिक नेतृत्वमार्फत राष्ट-निर्माणमा उपयोग गर्ने उद्देश्यले उनले रास्वपाको केन्द्रीय सदस्य पदमा आकांक्षा व्यक्त गरेका हुन् । कार्की हाल लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एच नेपालका फर्स्ट भाइस डिस्ट्रिक्ट गभर्नरका रूपमा समेत सक्रिय छन् । सामाजिक सेवा, नेतृत्व विकास, शिक्षा, स्वास्थ्य तथा मानवीय सेवाका क्षेत्रमा उनको उल्लेखनीय योगदान रहेको छ । असहाय बालबालीकाहरुको बासस्थान तथा शिक्षामा योगदान गर्दै आएका कार्कीले उनीहरुको हक र हितको लागी आवाज उठाउँदै आएका छन् । कार्कीले लामो समय विश्वभाषा क्याम्पसमा जर्मन भाषाको अध्यापन पनि गरे ।

उनले देशमा सुशासन, पारदर्शिता, रोजगारी सिर्जना तथा पर्यटन प्रवर्द्धनलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । युवा, व्यवसायी तथा सामाजिक क्षेत्रका व्यक्तिहरूलाई राज-नीतिमा सहभागी गराएर सकारात्मक परिवर्तन सम्भव रहेको उनको भनाइ छ । कार्कीले पार्टीभित्र अनुभव, क्षमता र जनतासँगको प्रत्यक्ष सम्बन्धलाई आधार बनाएर नेतृत्व चयन हुनुपर्ने धारणा राख्दै रास्वपाको संगठन विस्तार तथा जनविश्वास अभिवृद्धिमा आफू निरन्तर लागि पर्ने बताएका छन् । उनले विश्वका पचासौं देशका भ्रमण गरिसकेका छन् । फागुनमा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा पनि रास्वपाका उम्मेदवारहरुलाई विजयी गराउन महत्वपूर्ण भुमिका खेलेका थिए । नेतृत्व विकासका क्षेत्रमा हासिल गरेको अनुभवलाई राजनीतिक यात्रासँग जोड्दै कार्कीले रास्वपाको केन्द्रीय तहमा जिम्मेवारी पाउने विश्वास व्यक्त गरेका छन् ।

## बेपत्ता पारिएका व्यक्तिको सत्यतथ्य सार्वजनक गर्न समन्वयको खाँचो

काठमाडौँ । शान्ति सम्झौतामार्फत दशवर्षे सशस्त्र सङ्घर्ष अन्त्य भएको दुई दशक पुग्दा पनि द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिको सत्यतथ्य सार्वजनिक गर्ने र पीडित परिवारलाई न्याय दिलाउने कार्य अधुरै रहेको भन्दै सरोकारवालाले सबै पक्षबीच गाम्भीर्यता र प्रभावकारी समन्वयको खाँचो औँल्याएका छन् ।

विसं २०५९ साल असार ३ गते काठमाडौँबाट सुरक्षा निकायद्वारा पक्राउ गरी बेपत्ता पारिएका विपिन भण्डारीको स्मृतिमा बुधबार आयोजित कार्यक्रमका वक्ताहरूले द्वन्द्वकालीन बेपत्ता व्यक्तिको खोजी र न्यायको विषयलाई उच्च प्राथमिकतामा राखेर सम्बोधन गर्नुपर्ने बताउनुभएको छ । तत्कालीन विद्रोही नेकपा (माओवादी) का विद्यार्थी नेता रहेका २१ वर्षीय भण्डारीसहित दिलबहादुर राई, रामहरि रूपाखेती, कृष्णबहादुर बस्नेत र देवराज पौडेल हालसम्म बेपत्ता हुनुहुन्छ । द्वन्द्वका क्रममा राज्य पक्षबाट बेपत्ता बनाइएका एक हजार ३०० जनाको अवस्था अझैसम्म सार्वजनिक भएको छैन ।

कार्यक्रममा विपिनका पिता तथा संवैधानिक कानुनका ज्ञाता एकराज भण्डारीले बेपत्ता पारिएका व्यक्तिका परिवारलाई राज्य र विभिन्न सरकारले निरन्तर उपेक्षा गरेको आरोप लगाउनुभयो । उहाँले पीडित परिवारले भोगेका पीडा, दुःख र अनुभवलाई राज्यले कहिल्यै गम्भीर रूपमा नबुझेको र स्वीकार नगरेको बताउनुभयो । नेपाल कम्युनिष्ट पार्टी (बहुमत) का दीपक चलाउनेले शान्ति सम्झौताले नयाँ राजनीतिक तथा सांस्कृतिक रूपान्तरणको आशा जगाएको भए पनि ती अपेक्षाहरू पूरा हुन नसकेको बताउनुभयो । उहाँले द्वन्द्वकालमा योगदान दिएका व्यक्तिहरूको भूमिका र बलिदानलाई पर्याप्त सम्मान नदिइएको टिप्पणी गर्नुभयो ।

नेकपा (माओवादी) का माइला लामा नेकपाककी नेतृ पम्फा भुषालले द्वन्द्वपीडितको त्याग र बलिदानलाई अवमूल्यन गर्ने प्रयास भए असन्तुष्टि र अशान्ति बढ्न सक्ने भएकाले बेपत्ता व्यक्तिको खोजी कार्य निरन्तर जारी रहनुपर्ने बताउनुभयो ।

वेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका सचिव धुर्वकुमार चौहानले सत्य र न्यायको खोजीलाई अगाडि बढाउन सरोकारवाला पक्षहरूबीच प्रभावकारी समन्वय अपरिहार्य रहेको बताउनुभयो ।

*सम्पादकीय ....*

## वातावरण बचाउन सबै लाग्नुपर्छ

विकास र समृद्धिको नाममा मानवले प्रकृतिको अन्धाधुन्ध दोहन गरिरहेको छ। वन विनाश, अनियन्त्रित औद्योगीकरण, अत्यधिक खनिज उत्खनन, नदी तथा जलस्रोतको प्रदूषण र जीवाश्म इन्धनको अत्यधिक प्रयोगले वातावरणीय सन्तुलन खल्बल्याएको छ । विकसित राष्ट्रहरूले आर्थिक समृद्धि हासिल गरे पनि उनीहरूको प्रारम्भिक औद्योगिक विकासका क्रममा भएको व्यापक कार्बन उत्सर्जनले आजको विश्वव्यापी जलवायु संकटलाई गम्भीर बनाएको तथ्यलाई अस्वीकार गर्न सकिँदैन ।

उद्योग, कारखाना तथा परम्परागत ऊर्जा स्रोतहरूले पनि वातावरणमा गम्भीर असर पुऱ्याइरहेका छन् । यससँगै प्लास्टिक प्रदूषण अर्को गम्भीर चुनौती बनेको छ। दैनिक जीवनमा प्रयोग गरिने प्लास्टिकका झोला, बोतल र अन्य सामग्री प्रयोगपछि जथाभावी फालिने गरिन्छ। ती प्लास्टिकजन्य फोहोर नदी, खोला हुँदै समुद्रसम्म पुगेर थुप्रिने गरेका छन्। समुद्री जीवहरूले ती प्लास्टिकलाई खाना सम्झेर खाने हुँदा हजारौँ प्रजातिको जीवन संकटमा परेको छ । सहर, गाउँ, वनजंगल र जलस्रोतहरू प्लास्टिकजन्य फोहोरले कुरूप बन्दै गएका छन् । विडम्बना के छ भने वर्षको एक दिन हामी वातावरण संरक्षणका नारा लगाउँछौँ, वृक्षारोपण कार्यक्रम सञ्चालन गर्छौँ, गोष्ठी र सेमिनार आयोजना गर्छौँ । तर बाँकी ३६४ दिनको व्यवहार भने प्रकृति विनाशतर्फ उन्मुख देखिन्छ । एकातिर हामी वातावरण बचाउनुपर्ने कुरा गर्छौँ, अर्कोतिर अनावश्यक उपभोग, अत्यधिक फोहोर उत्पादन, प्राकृतिक स्रोतको दुरुपयोग र प्रदूषण बढाउने गतिविधिमा संलग्न भइरहन्छौँ । यही दोहोरो व्यवहारले वातावरणीय संकटलाई झन् जटिल बनाइरहेको छ ।

प्रकृति र वातावरणलाई केवल एक दिन सम्झिने विषयका रूपमा होइन, मानव अस्तित्वको आधारका रूपमा बुझ्न आवश्यक छ। स्वच्छ वातावरण र स्वस्थ प्रकृतिबिना न त वर्तमान पुस्ताले सुरक्षित जीवन बाँच्न सक्छ, न त भावी पुस्ताले समृद्ध भविष्य पाउन सक्छ । स्वस्थ जैविक विविधताबिना मानव सभ्यताको दीर्घकालीन अस्तित्व सम्भव छैन । यदि हामीले आज वातावरण जोगाउन सकेनौँ भने भविष्यका पुस्ताले स्वच्छ पृथ्वीमा बाँच्ने अधिकार गुमाउन सक्छन्। नेपालजस्ता हिमाली राष्ट्रहरूले जलवायु परिवर्तनको प्रभाव प्रत्यक्ष रूपमा भोगिरहेका छन् । हिमनदीहरू पग्लने क्रम तीव्र भएको छ, अनियमित वर्षा र प्राकृतिक विपद्का घटनाहरू बढिरहेका छन्। विडम्बना, नेपाल विश्व कार्बन उत्सर्जनमा अत्यन्त न्यून योगदान गर्ने राष्ट्रमध्ये पर्दछ। यसले जलवायु न्यायको गम्भीर प्रश्न उठाउँछ । वातावरणीय संकट विश्वव्यापी भएकाले यसको समाधान पनि अन्तर्राष्ट्रिय सहकार्य र साझा प्रतिबद्धताबाट मात्र सम्भव छ । सरकार, निजी क्षेत्र, उद्योग, शैक्षिक संस्था तथा नागरिक समाज सबैले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक पूरा गर्नुपर्छ । नवीकरणीय ऊर्जाको प्रयोग बढाउने, सार्वजनिक यातायातलाई प्रोत्साहन गर्ने, साइकल तथा पैदल यात्रालाई प्राथमिकता दिने, प्लास्टिकको प्रयोग घटाउने, वृक्षारोपण तथा वन संरक्षणलाई अभियानका रूपमा अघि बढाउने र वातावरणमैत्री जीवनशैली अपनाउने कार्य आजका प्रमुख आवश्यकता हुन् ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# एल-निनो असरः भित्रिएन मनसुन, सुक्खाको चिन्ता, खडेरीको डर

*प्रगति ढकाल*

सामान्यतया जुन १३ मा नेपाल भित्रिने मनसुन यस वर्ष आगमनको निर्धारित मिति कटिसक्दा पनि मनसुनी प्रणाली भित्रिन सकेको छैन । प्रशान्त महासागरमा विकसित मौसमीय प्रणाली र पश्चिमी वायुको प्रभावका कारण मनसुन आगमनमा चार दिन ढिलाइ भएको हो ।

जल तथा मौसम विज्ञान विभागले गरेको भू-उपग्रह तथा गणितीय मौसम पूर्वानुमानको विश्लेषणका आधारमा मनसुन आगमन अझ केही दिन धकेलिने देखिएको छ । विभागको प्रवक्ता विभूति पोखरेलले नेपालमा मनसुन आगमन अझ केही दिन ढिलो हुने सम्भावना रहेको बताउनुभयो । “हाल प्रशान्त महासागरमा एल-निनो विकसित भइसकेको र अझै बलियो हुने क्रममा रहेको छ”, उहाँले भन्नुभयो, “जसले गर्दा नेपालको मनसुन आगमनमा प्रभाव पर्ने र दक्षिण एसियालगायत नेपालको मनसुन कमजोर हुनसक्ने सम्भावना देखिएको छ। विगतका केही वर्षमा पनि एलनिनोका प्रभावले मनसुन आगमन ढिलो भएको थियो ।”

कृषि, वन तथा पर्यावरण मन्त्रालयका सह-प्रवक्ता तथा वरिष्ठ कृषि अर्थ विज्ञ लालकुमार श्रेष्ठले मनसुन ढिला आगमन हुँदा बर्खे धानमा असर गर्नसक्ने भन्दै चिन्ता जनाउनुभयो । “नेपालमा सिँचाइको राम्रो व्यवस्था हुन नसक्दा आकाशे पानीकै भरमा रोपाइँ हुने गरेको छ, वर्षा कम हुँदा वा ढिला हुँदा धान रोपाइँमा असर गर्न सक्ने र उत्पादनमा ह्रास आउन सक्छ”, उहाँले भन्नुभयो । बदलिँदो जलवायु र सम्भावित वर्षा न्यूनताका कारण कृषि उत्पादनमा पर्नसक्ने असर न्यूनीकरण गर्न मौसम अनुकूल खेती प्रणाली अपनाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

### विगतमा मनसुन आगमन ढिला

विभागले एल निनोको प्रभावका कारण विगतमा मनसुन आगमन ढिलो भएका वर्षहरूको विवरणसमेत सार्वजनिक गरेको छ । सन् १९७२ मा जुन १८ मा मनसुन भित्रिएको थियो ।

सन्१९८२ मा जुन २७ मा मात्रै नेपालमा मनसुन भित्रिएको विभागको तथ्याङ्क छ। यसैगरी सन् १९८३ मा जुन २४ मनसुन भित्रिएकोमा सन् १९८७ मा जुन १४ मा मनसुन भित्रिएको थियो ।

सन् १९९२ मा भने जुन २१ र १९९७ मा जुन १४ मा मात्रै मनसुन नेपाल भित्रिएको थियो । सन् २००२ मा जुन १५ मा, सन् २००९ मा जुन २३ मा, सन् २०१५ मा जुन १५ मा नेपालमा मनसुन भित्रिएको थियो। यसैगरी २०१९ मा जुन २० मा र सन् २०२३ मा जुन १४ मा नेपाल प्रवेश गरेको थियो ।

विभागले यस वर्षको मनसुनी प्रणालीको निरन्तर अनुगमन भइरहेको जनाउँदै प्राप्त सूचनाअनुसार नियमित रूपमा अद्यावधिक जानकारी सार्वजनिक गरिने जनाएको छ ।

### तापक्रम बढ्ने जोखिम

जल तथा मौसम विज्ञान विभागले यस मनसुन अवधिमा नेपालमा सरदरभन्दा कम वर्षा हुने र तापक्रम बढ्ने प्रक्षेपण गरेको छ। विभागका मौसमविद् सुदर्शन हुमागाईंका अनुसार आगामी मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा कम वर्षाको हुने सम्भावना छ ।

विभागका अनुसार यस वर्ष कर्णाली प्रदेशका दक्षिणी भू-भाग, लुम्बिनी प्रदेशका अधिकांश क्षेत्र, मधेस प्रदेशका पूर्वी भू-भाग तथा कोशी प्रदेशका दक्षिणी क्षेत्रमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ। त्यस्तै, सुदूरपश्चिम प्रदेशका अधिकांश भू-भाग, मधेस प्रदेशका पश्चिमी भू-भाग तथा कोशी प्रदेशमध्ये भू-भागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको विभागले जनाएको छ ।

कर्णाली र कोशी प्रदेशका उत्तरी भू-भागमा भने सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको बताइएको छ। बाँकी अधिकांश क्षेत्रमा सरदरभन्दा कम वर्षाको सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागको आँकलन छ। अधिकतम तापक्रमतर्फ सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी, बागमती, मधेस र कोशी प्रदेशका विभिन्न भू-भागमा सरदरभन्दा बढी तापक्रम रहने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको विभागले जनाएको छ ।

त्यस्तै, न्यूनतम तापक्रम पनि देशभर सरदरभन्दा बढी रहने सम्भावना रहेको विभागको निष्कर्ष छ। विशेषगरी सुदूरपश्चिम, कर्णाली, बागमती, मधेस र कोशी प्रदेशका केही क्षेत्रमा न्यूनतम तापक्रम सरदरभन्दा बढी रहने सम्भावना ५५ देखि ६५ प्रतिशतसम्म रहेको बताइएको छ ।

विभागअन्तर्गत हावा पानी विश्लेषण शाखाका इन्जार्ज सुजन सुवेदीले मनसुन नेपालको सबैभन्दा संवेदनशील मौसम प्रणाली भएको उल्लेख गर्दै वार्षिक वर्षाको करिब ८० प्रतिशत हिस्सा मनसुन अवधिमै हुने जानकारी दिनुभयो ।

विभागका अनुसार नेपालमा सामान्यतया जेठ १८ देखि असोज १४ सम्म चार महिना मनसुन अवधि रहन्छ। विभागले विश्व मौसम सङ्गठनअन्तर्गत विश्व तथा क्षेत्रीय जलवायु सूचना उत्पादन केन्द्रको हावापानी प्रारूप, दक्षिण एसियाली जलवायु दृष्टिकोण मञ्च (सास्कोफ) लगायतका अन्तरराष्ट्रिय जलवायु मोडेलको विश्लेषणका आधारमा मनसुनको ऋतुगत आँकलन तयार गरेको जनाएको छ ।

### खडेरी सहनसक्ने धानका जात लगाउने

आगामी मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा कम वर्षा हुने सम्भावना रहेको भन्दै विज्ञहरूले किसानलाई खडेरी सहनसक्ने धानका जात तथा जलवायुमैत्री कृषि प्रविधि अपनाउन सुझाव दिएका छन् ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) अन्तर्गतको राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रले जल तथा मौसम विज्ञान विभागसँगको सहकार्यमा जारी गरेको ‘कृषि-मौसम सल्लाह बुलेटिन’मा मनसुन ऋतु (जेठ १८ देखि असोज १४ गतेसम्म) को जलवायु आँकलनका आधारमा यस्तो सुझाव दिइएको हो ।

यस्तै वर्षा कम हुने सम्भावनालाई ध्यानमा राख्दै वर्षाको पानी सङ्कलन (रेनवाटर हार्भेस्टिङ) गर्ने तथा पोखरीलगायत जलस्रोतमा पानी सञ्चित गरेर राख्न सुझाव दिइएको छ। माटोको चिस्यान जोगाइराख्न उपलब्ध सामग्री प्रयोग गरी छापो (मल्चिङ) गर्न र बाली लगाउनुअघि खेतबारी राम्रोसँग सम्याएर पानी निकासको उचित व्यवस्था मिलाउनसमेत किसानलाई सुझाव दिइएको छ ।

### मनसुनमा खडेरीका मुख्य कारण

विभागका मौसमविद् हुमागाईंले पूर्वी प्रशान्त महासागरमा विकसित हुने एल-निनो साउदर्न ओस्सिलेसन (इएनएसओ), हिन्द महासागरमा विकसित हुने इन्डियन ओसन डाइपोल (आइओडी), युरोप तथा एसियामा हिउँद र प्रि-मनसुन अवधिमा परेको हिमपात तथा अन्तरऋतु परिवर्तनशीलताका कारण यस वर्ष मनसुनमा कम वर्षा हुने विभागले जनाएको छ। हाल प्रशान्त महासागरको भूमध्यरेखीय क्षेत्रको समुद्री सतहको तापक्रम र वायुमण्डलीय दबाबमा हुने प्राकृतिक उतारचढावको चक्र (इएनएसओ) तटस्थ अवस्थामा रहे पनि एल-निनोतर्फउन्मुख रहेको तथा हिन्द महासागरमा विकसित हुने हिन्द महासागरीय द्विध्रुव (आइओडी) हिन्द महासागरको पूर्वी र पश्चिमी भागबीचको समुद्री सतहको तापक्रममा हुने उतारचढाव हो, जसले मनसुनी वर्षा र क्षेत्रीय मौसम प्रणालीलाई प्रभावित गर्छ ।

आइओडी पनि अहिले तटस्थ अवस्थामा रहेको हुमागाईंले बताउनुभयो । उहाँका अनुसार आगामी मनसुनको अन्त्यसम्ममा आइओडी सकारात्मक अवस्थामा पुग्ने सम्भावना छ ।

यद्यपि, ऋतुगत जलवायु समुद्री तथा वायुमण्डलीय प्रणाली, भू-उपयोगलगायत विविध कारकमा निर्भर रहने भएकाले जलवायु प्रारूपलाई शतप्रतिशत विश्वसनीय मान्न कठिन हुने उहाँले स्पष्ट पार्नुभयो ।

### ‘एल-निनो’को तीव्र विकाससँगै तापक्रम

यस वर्ष तीव्र रूपमा विकसित भइरहेको ‘एल-निनो’ का कारण विश्वका अधिकांश भूभागमा औसतभन्दा बढी तापक्रम हुने तथा दक्षिण एसियासहित भारतीय उपमहाद्वीपमा औसतभन्दा कम वर्षा हुने सम्भावना रहेको भन्दै चिन्ता जनाइएको छ। विश्व मौसम विज्ञान सङ्गठन (डब्ल्युएमओ) अन्तर्गतको बहु-मोडेल मौसमी पूर्वानुमान प्रणालीले सार्वजनिक गरेको पछिल्लो मौसमी पूर्वानुमानअनुसार यस वर्षको सुरुआतमा कमजोर बन्दै गएको ला निनाबाट प्रशान्त महासागरको अवस्था तटस्थमा पुगेको भए पनि आगामी महिनामा बलियो एल निनो विकसित हुने सङ्केत देखिएको छ ।

### एल-निनो के हो ?

डब्ल्युएमओका अनुसार एल-निनो प्रशान्त महासागरको मध्य तथा पूर्वी भूमध्यरेखीय क्षेत्रमा समुद्री सतहको तापक्रम सामान्यभन्दा उल्लेखनीय रूपमा बढ्ने प्राकृतिक जलवायु अवस्था हो । एल-निनोका कारण विश्वका विभिन्न भागमा वर्षा, तापक्रम, आँधीबेहरी तथा मनसुनी प्रणालीमा परिवर्तन देखिन सक्छ ।

डब्ल्युएमओका अनुसार प्रशान्त महासागरको सतहको तापक्रम असामान्य रूपमा बढ्दै जाँदा एल-निनोको विकास भइरहेको छ। जुनदेखि अगस्टसम्म विश्वका अधिकांश भूभागमा औसतभन्दा बढी तापक्रम रहने पूर्वानुमान गरिएको छ। यसले कृषि, जलस्रोत, जनस्वास्थ्य तथा विपद् व्यवस्थापन क्षेत्रमा थप चुनौती छ ।

### गतवर्ष १५ दिनअघि नै भित्रिएको मनसुन

गत वर्ष भने नेपालमा मनसुन सरदर मितिभन्दा १५ दिन छिटो नेपाल प्रवेश गरेको थियो। जल तथा मौसम विज्ञान विभागका अनुसार नेपालमा मनसुन भित्रिने सरदर मिति जुन १३ रहे पनि गत वर्ष मे २९ मा नै नेपालमा मनसुन भित्रिएको थियो। तर गत वर्ष मनसुन अगाडि भित्रिए पनि रोपाइँका समयमा पर्याप्त वर्षा हुन नसक्दा विषेशगरी मधेस प्रदेश प्रभावित बनेको थियो ।

**अनलाइन ठगी हुनबाट बचौं**

- **अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित व्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

## परराष्ट्रमन्त्रीको चीन भ्रमण द्विपक्षीय सम्बन्ध थप विस्तारमा फलदायी

काठमाडौं । परराष्ट्रमन्त्री शिशिर खनाल मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको चार दिने औपचारिक भ्रमण सम्पन्न गरी आज स्वदेश फर्कनुभएको छ ।

उहाँ चीनका विदेश मामिलामन्त्री तथा चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिका राजनीतिक ब्युरो सदस्य वाङ यीको मैत्रीपूर्ण निमन्त्रणामा आइतबार बेइजिङ पुग्नुभएको थियो । भ्रमणका क्रममा सोमबार मन्त्री खनाल र विदेश मन्त्री वाङबीच द्विपक्षीय भेटवार्ता भएको मन्त्रालयले जनाएको छ । सो अवसरमा दुवै देशका प्रतिनिधिमण्डलबीच नेपाल-चीन द्विपक्षीय सम्बन्धका सबै पक्षहरूमा गहन एवम् उपलब्धिमूलक छलफल भएको मन्त्रालयद्वारा आज जारी भ्रमणसम्बन्धी प्रेस विज्ञप्तिमा जनाइएको छ ।

"आपसी मित्रता, सद्भावना र सहयोगमा आधारित नेपाल-चीन सम्बन्धलाई थप सुदृढ तुल्याउने विषयमा दुवै पक्षबीच एकमत रहेको थियो । नेपालका तर्फबाट एक चीन सिद्धान्तप्रति रहिआएको नेपाल सरकारको प्रतिबद्धता दोहोऱ्याउँदै नेपालको भूमिलाई चीनको हितविरुद्ध प्रयोग हुन नदिइने स्पष्ट पारिएको छ," विज्ञप्तिमा भनिएको छ, "चिनियाँ पक्षबाट नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र स्वतन्त्रताप्रति रहिआएको चीन सरकारको दृढ समर्थन दोहोऱ्याउँदै सुशासन तथा आर्थिक विकासका क्षेत्रमा नेपाल सरकारले निर्दिष्ट गरेका प्राथमिकता उपर पूर्ण समर्थन रहने विश्वास व्यक्त गरिएको छ ।"

पारस्परिक सम्मान तथा एक अर्काका प्राथमिकता एवम् संवेदनशीलताप्रति रहिआएको प्रतिबद्धता दोहोऱ्याउँदै दुई पक्षबीच पूर्वाधार, कनेक्टिभिटी, सीमा व्यवस्थापन, ऊर्जा, व्यापार, लगानी, कृषि, प्रविधि हस्तान्तरण, सूचना प्रविधि तथा डिजिटलाइजेसन, पर्यटन, रासायनिक मल, पेट्रोलियम तथा प्राकृतिक ग्यास अन्वेषण र जनस्तरको सम्बन्धलगायत विविध क्षेत्रमा सहयोग विस्तार गर्ने विषयमा छलफल भएको थियो । यसैगरी, विगतमा सहमति भएका द्विपक्षीय कार्यक्रम तथा परियोजनाहरूको शीघ्र कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दै बहुपक्षीय एवम् क्षेत्रीय मञ्चहरूमा साझा हितका विषयमा सहकार्य अघि बढाउने कुरामा जोड दिइएको मन्त्रालयले जनाएको छ । भेटवार्तापश्चात् मन्त्री खनाल विदेशमन्त्री वाङले आयोजना गर्नुभएको रात्रिभोजमा सहभागी हुनुभएको थियो । यसअघि, सोही दिन मन्त्री खनाल र चिनियाँ कम्युनिष्ट पार्टीको केन्द्रीय समितिको अन्तरराष्ट्रिय विभाग प्रमुख लिउ हाइछिङबीच भेटवार्ता भएको थियो । सो अवसरमा नेपाल-चीन सम्बन्ध सुदृढीकरण एवम् द्विपक्षीय सहयोग विस्तार गर्ने बारेमा विचारको आदानप्रदानका साथै दलहरूबीच सम्पर्क र सहकार्य विस्तार गर्ने सम्भावना समेतका विषयमा छलफल भएको मन्त्रालयको भनाइ छ ।

भ्रमणकै दौरान मंगलबार मन्त्री खनाल र चिनियाँ जनराजनीतिक परामर्श सम्मेलनको राष्ट्रिय समितिका अध्यक्ष वाङ हुनिङबीच पनि भेटवार्ता भएको थियो । सो अवसरमा नेपाल र चीनबीच रहेको सुमधुर, मैत्रीपूर्ण एवम् सहयोगात्मक सम्बन्ध आगामी दिनमा थप सुदृढ तुल्याउनुका साथै प्राथमिकताका क्षेत्रमा सहकार्य प्रबर्द्धन गर्ने बारेमा विचार विमर्श भएको विज्ञप्तिमा उल्लेख छ ।

सोही दिन साँझ नेपालमा चिनियाँ लगानी प्रवर्द्धन गर्ने उद्देश्यले बेइजिङस्थित नेपाली राजदूतावासद्वारा आयोजना गरिएको लगानी सम्मेलनमा मन्त्री खनाल सहभागी हुनुभएको थियो । साथै उहाँसँग चिनियाँ व्यवसायी, उद्यमी र लगानीकर्ताहरूको भेटवार्ता भएको थियो । सो अवसरमा नेपाल लगानी बोर्डका प्रतिनिधिबाट प्रस्तुतीकरण एवम् सहभागीहरूबीच विस्तृत अन्तरक्रिया भएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री खनालले चिनियाँ लगानीकर्ताहरूलाई नेपालमा लगानी गरी आपसी आर्थिक वृद्धिका साथै समृद्धिको नयाँ अध्याय निर्माण गर्न आह्वान गर्नुभएको थियो ।

नेपालमा विद्यमान आर्थिक सम्भावना र जनसांख्यिकीय सामर्थ्यबारे प्रकाश पार्दै उहाँले लगानी तथा व्यवसायमैत्री वातावरण निर्माण गर्न नेपाल सरकार प्रतिबद्ध रहेको अवगत गराउनुभएको थियो । "भ्रमणको अवधिमा नेपाली राजदूतावास बेइजिङद्वारा आयोजित स्वागत समारोहमा सहभागी भई उहाँले चीनमा रहेका नेपाली समुदायका प्रतिनिधिहरूसँग समेत भेटघाट र अन्तक्रिया गर्नुभएको थियो । उहाँहरूलाई सुशासन, आर्थिक विकास तथा समृद्धिलाई संस्थागत गर्ने नेपाल सरकारको प्राथमिकता का बारेमा अवगत गराउँदै मन्त्री खनालले राष्ट्र निर्माणको अभियानमा सक्रिय रूपमा सहभागी हुन आह्वान गर्नुभएको थियो" विज्ञप्तिमा जनाईएको छ ।

त्यसैगरी, दूतावासको कामका बारेमा जानकारी लिँदै मन्त्री खनालले त्यहाँका अधिकारीहरूलाई नेपाल-चीन सम्बन्धलाई अझ सुदृढ गर्दै प्रभावकारी रूपमा आर्थिक एवम् विकास कूटनीति सञ्चालन गर्न र चीनमा रहेका नेपालीहरूको हितको रक्षा गरी प्रभावकारी सेवा प्रदान गर्न निर्देशन दिनुभएको थियो । मन्त्री खनालले भ्रमणकै दौरान दूतावासमा आयोजित नेपाली, चिनियाँ तथा अन्तरराष्ट्रिय मिडियासँगको छुट्टाछुट्टै भेटमा नेपालको परराष्ट्र नीति, नेपाल-चीन सम्बन्ध, नवगठित नेपाल सरकारका प्राथमिकता तथा अन्तरराष्ट्रिय समुदाय सँग नेपालको संलग्नताबारे विचार व्यक्त गर्नुभएको थियो ।

साथै, उहाँले बेइजिङस्थित मियाओयिङ मन्दिरमा रहेको श्वेत स्तूपको अवलोकन गर्नुभएको मन्त्रालयले जनाएको छ । नेपालका राष्ट्रिय विभूति अरनिकोद्वारा डिजाइन गरिएको उक्त सांस्कृतिक धरोहर नेपाल र चीनबीच विद्यमान बहुआयामिक साँस्कृतिक र जनस्तरको सम्बन्धको प्रतीकका रूपमा रहेको छ । साथै, नेपालको ऐतिहासिक सौम्य शक्ति, नेपाली शिल्पकर्मीहरूको अन्तरराष्ट्रिय पहिचान तथा नेपाली वास्तुकलाको उदाहरणका रूपमा समेत रहिआएको छ । त्यसैगरी, बेइजिङस्थित 'चाइनिज एकेडेमी अफ साइन्स'को 'इन्स्टिच्यूट अफ टिबेटियन प्लाटो रिसर्च' भ्रमण गरी उहाँले उक्त संस्थाका गतिविधिहरू तथा त्रिभुवन विश्व विद्यालयसहित नेपाली अन्य संस्थाहरूसँग भइरहेको सहकार्यबारे जानकारी लिनुभएको थियो । मन्त्री खनालले संस्थाका उच्च पदाधिकारीहरूसँगको अन्तरक्रियामा विज्ञान तथा प्रविधिको क्षेत्रमा नेपाल र चीनबीचको सहकार्यलाई अझ गहिरो र फलदायी बनाउनु पर्ने आवश्यकता रहेको विषयमा जोड दिनुभएको थियो ।

साथै, उहाँले बेइजिङस्थित चीनको पहिलो 'हाइ-टेक' तथा 'नेशनल इनोभेसन डेमोन्स्ट्रेसन जोन'का रूपमा रहेको झोङग्वानछुन विज्ञान पार्कको अवलोकन गरी त्यहाँको क्रियाकलाप तथा प्राथमिकताका बारेमा जानकारी हासिल गर्नुभएको थियो । भ्रमणमा त्यहाँका विदेश मन्त्री र उच्च पदाधिकारीहरूसँग भएको भेटघाट एवम् अन्य कार्यक्रमहरूमा मन्त्री खनालको सहभागिताबाट मैत्रीपूर्ण र बहुआयामिक नेपाल-चीन सम्बन्धलाई थप सुदृढ तुल्याई आपसी हितका विषयमा निरन्तर सहयोग विस्तार तथा सुदृढीकरण गर्ने कार्यमा उल्लेखनीय योगदान पुगेको मन्त्रालयको भनाइ छ । यसका अलावा छिमेकीलगायत सबै मुलुकसँग स्वतन्त्र, व्यावहारिक एवम् सहयोगात्मक सम्बन्ध विस्तार गर्दै आर्थिक तथा विकास कूटनीति प्रवर्द्धन गर्ने नेपाल सरकारको उद्देश्य हासिल गर्ने दिशामा यस भ्रमणले महत्वपूर्ण सहयोग पुऱ्याएको विश्वास लिईएको छ । भ्रमणदलमा परराष्ट्र मन्त्रालय तथा नेपाली राजदूतावास बेइजिङका पदाधिकारीहरू सहभागी हुनुहुन्थ्यो ।

## पत्रकार अमर बानियाँको पुस्तक सुन्दर म्याग्दी सार्वजनिक

काठमाडौं । वरिष्ठ पत्रकार अमर बानियाँको म्याग्दीका गन्तव्यहरू, पदमार्गहरू, सांस्कृतिक सम्पदाहरू, चाडपर्व, होमस्टे, जैविक विविधतालगायतलाई समेटेर तयार पारिएको पुस्तक 'सुन्दर म्याग्दी' सार्वजनिक गरिएको छ ।

'धौलागिरि पर्यटन विकास परिषद् र बेनी समाज काठमाडौं'द्वारा नेपाल पर्यटन बोर्डको सभाहलमा बुधबार आयोजना गरिएको कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष सुरकृष्ण वैद्य, नेपाल सरकारका पूर्वमुख्य सचिव तथा पूर्वराजदूत लोकदर्शन रेग्मी, प्रा डा प्रेम शर्मा, नेपाल पर्यटन बोर्डका जनसम्पर्क अधिकृत सुनिल शर्मा, नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य सुबिन श्रेष्ठ, बानियाँ समाजका अध्यक्ष नरबहादुर बानियाँ, बेनी समाजका पूर्वअध्यक्ष याम श्रेष्ठलगायतले उक्त पुस्तकको लोकार्पण गर्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष वैद्यले पुस्तकका माध्यमबाट म्याग्दीलाई विश्वमाझ चिनाउन मद्दत पुग्ने बताउनुभयो । पूर्वमुख्य सचिव रेग्मीले म्याग्दीलगायत देशभरका पर्यटकीय स्थललाई सूचना र प्रविधिको माध्यमबाट आन्तरिक तथा बाह्य पर्यटकलाई जानकारी गराउनु आजको मुख्य आवश्यकता भएको बताउनुभयो । प्रा डा शर्माले म्याग्दीका बासिन्दाले आफ्नै घर आँगनका पर्यटकीय स्थलबारे जानकारी हासिल गर्नु आवश्यक भएको उल्लेख गर्नुभयो ।

नेपाल पर्यटन बोर्डका जनसम्पर्क अधिकृत शर्माले पर्यटकीय स्थलको प्रचारप्रसारका लागि राज्यका निकाय माथि निर्भर नरहन आग्रह गर्दै यसका लागि व्यक्ति व्यक्तिले हातेमालो गरी आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन पहल गर्नुपर्नेमा जोड दिनुभयो । यसका लागि पर्यटन बोर्ड सबै पक्षसँग हातेमालो गर्न तयार रहेको उहाँको भनाइ थियो । पर्यटन पत्रकार अमृत भादगाउँलेले 'सुन्दर म्याग्दी' पुस्तक सबैका लागि सुन्दर उपहार भएको टिप्पणी गर्नुभयो । नेपालका पर्यटकीय क्षेत्रको प्रचारप्रसार गर्न पर्यटन बोर्डलगायत सरकारी निकायको ध्यान खासै जान नसकेको उहाँको भनाइ थियो । राज्यका निकायहरुसँग लगानी भएर पनि त्यसको सही रुपमा सदुपयोग हुन नसकेको पत्रकार भादगाउँलले गुनासो गर्नुभयो ।

## अन्तरराष्ट्रिय संगीत महोत्सवको समापन

काठमाडौं । त्रिभुवन विश्वविद्यालयअन्तर्गतको नेपाल ललितकला क्याम्पस र बत्तीसपुतली स्थित श्रीरामचन्द्र मन्दिर जीर्णोद्वार समितिको संयुक्त आयोजनामा यहाँ आयोजित अन्तरराष्ट्रिय सङ्गीत महोत्सवको बुधबार समापन गरिएको छ ।

गत जेठ ३० गतेदेखि सुरु भएको पाँचदिने महोत्सवमा नेपाललगायत भारत, चीन, बङ्गलादेश, श्रीलङ्का र अमेरिकाका गरी करिब एक सय सङ्गीत साधकहरुको सहभागिता रहेको छ । उक्त महोत्सवमा शास्त्रीय सङ्गीतसम्बन्धी खोज तथा अनुसन्धानमूलक १९ कार्यपत्र प्रस्तुत भएका छन् भने विभिन्न देशका सङ्गीतिक प्रस्तुति प्रस्तुत गरिएका थिए ।

विसं १९५६ पुसमा तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेर जबराले वीरगञ्ज को बगेडीमा आयोजना गर्नुभएको जलशापछि झण्डै १३० वर्षको अन्तरालमा नेपालमा यति ठूलो महोत्सवको आयोजना भएको हो । त्यतिबेला नेपाल र भारतका केही सङ्गीत साधकहरुको मात्र सहभागिता थियो ।

सो अवसरमा नेपाल ललितकला क्याम्पसका प्रमुख कृष्णबहादुर बस्नेतले नेपाल साहित्य, कला, सङ्गीत क्षेत्रमा विश्वमै उत्कृष्ट थलो भएको उल्लेख गर्दै यस्ता कार्यक्रमले अन्तरराष्ट्रियस्तरमा नेपालको छवि उजागर गर्न मद्दत पुग्ने हुँदा यसमा सरकारले पनि सहयोग गर्नुपर्ने धारणा राख्नुभयो । श्रीरामचन्द्र मन्दिर जीर्णोद्वार समितिका अध्यक्ष तथा वरिष्ठ संस्कृतिविद् डा गोविन्द टण्डनले शास्त्रीय सङ्गीत कुनै पनि सङ्गीत सिर्जनाका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने विधा भएकाले यस्ता कार्यक्रमलाई आगामी दिनमा पनि दिनसके सङ्गीत क्षेत्रमा योगदान पुग्ने बताउनुभयो । सो अवसरमा नेपालमा शास्त्रीय सङ्गीतका क्षेत्रमा लामो समयदेखि योगदान पुऱ्याउनुहुने विभिन्न व्यक्तित्वलाई दीर्घ सेवा सम्मान प्रदान गरिएको थियो ।

## सवारी दुर्घटना कम गर्न ट्राफिक जनचेतना सप्ताह

वीरगञ्ज । बढ्दो सवारी दुर्घटना कम गर्ने उद्देश्यले पर्सामा बुधबारदेखि 'ट्राफिक जनचेतनामूलक सप्ताह कार्यक्रम-२०८३' सुरु भएको छ ।

मधेस प्रदेश प्रहरी कार्यालय जनकपुर, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया, जिल्ला प्रहरी कार्यालय पर्सा तथा जिल्ला ट्राफिक प्रहरी कार्यालय वीरगञ्जले संयुक्त रुपमा उक्त कार्यक्रम आयोजना गरेको हो । यही असार ९ गतेसम्म सञ्चालन हुने उक्त कार्यक्रमको उद्घाटन गर्दै पर्साका सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण थापाले सडक दुर्घटनाबाट हुने मानवीय क्षति कम गर्नका लागि ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

बुधबार गरिएको जनचेतनामूलक ऱ्याली वीरगञ्जको घण्टाघरबाट सुरु भई लिङ्क रोड, बसपार्क, भानुचोक हुँदै पुनःघण्टाघर पुगेर कोणसभामा परिणत भएको थियो ।

सो क्रममा ऱ्यालीका सहभागी हरूले 'सिटबेल्टको अनिवार्य प्रयोग गरौं', 'मदिरा सेवन गरी सवारी नचलाऔं', 'ट्राफिक नियम पालना गरौं' र 'सुरक्षित यात्रा, सुरक्षित जीवन' लेखिएका प्ले कार्ड बोकेका थिए । एक सातासम्म विद्यालय, क्याम्पस, सार्वजनिक स्थल तथा सवारी चालक लक्षित सचेतनामूलक कार्यक्रम, अन्तरक्रिया, पर्चा वितरण, सडक नाटक तथा ट्राफिक नियमसम्बन्धी विभिन्न अभियान सञ्चालन गरिनेछ ।

## बिहे गरेर अमेरिका लैजाने भनी ठगी गर्ने दम्पती पक्राउ

काठमाडौं । बिहे गरेर अमेरिका लैजाने लोभमा पर्नुभएको छ ? ख्याल गर्नुहोला यस्ता घटना अहिले नेपालमा भइरहेका छन् । त्यस्ता ठगीबाट बच्न विशेष सावधानी अपनाउन अनुरोध गरिएको छ ।

हालै काठमाडौँमा यस्तै घटना सार्वजनिक भएको छ । आफू अमेरिकामा रहेको नेपाली बोल्न नआउने भनि अङ्ग्रेजी भाषामा बोली प्रिन्स तमाङ नाम बताउने टिकटक आइडीबाट आफ्नो अनुहारसमेत नदेखाइ कुराकानीपश्चात् पीडितलाई विवाह गरी अमेरिका लैजाने प्रलोभन देखाएर ठगी भएको घटना बाहिरिएको हो ।

नेपाल प्रहरीको साइबर ब्युरोका अनुसार उनले आफ्नो बहिनी भन्दै सरगम तमाङको ह्वाट्स एपमा कुराकानी गर्न लगाई पटकपटक गरी रु १५ लाख बढी रकम ठगी गरेको पाइएको हो ।

पीडितले दिएको निवेदनका आधारमा प्राविधिक अनुसन्धान तथा विश्लेषणबाट खुल्न आएका प्रिन्स तमाङ भन्ने सञ्जिव नेपाली र बहिनी सरगम तमाङ भएर कुराकानी गरी ठगी गर्ने कार्यमा संलग्न उनकै श्रीमती अनुष्का भन्ने सरिता पराजुली रहेको खुलेको ब्युरोका प्रवक्ता, प्रहरी उपरीक्षक दिलीपकुमार गिरीले जानकारी दिनुभयो ।

ब्युरोबाट खटिएको प्रहरी टोलीले स्याङ्जा घर भई काठमाडौँको माछापोखरी बस्ने नेपाली र पराजुलीलाई मङ्गलबार पक्राउ गरी विद्युतीय माध्यमसम्बद्ध ठगी अपराध मुद्दामा आज काठमाडौँ जिल्ला अदालतमा पेस गरिएको गिरीले बताउनु भयो । बुधबारै अदालतले उनीहरूलाई थप अनुसन्धानका लागि पाँच दिनको म्याद थप गरेकाले ब्युरोबाट थप अनुसन्धान अघि बढाइएको पनि उहाँले जानकारी दिनुभयो । उहाँले यस्ता घटना घट्ने गरेको भन्दै ठगीबाट बच्न आवश्यक सावधानी अपनाउन पनि अनुरोध गर्नुभएको छ ।

## विपद्बाट एकै महिनामा दश करोडभन्दा बढीको क्षति

भद्रपुर । जिल्लामा गत जेठ महिनामा भएका विभिन्न प्राकृतिक तथा गैर-प्राकृतिक विपद्का घटनाबाट रु १० करोडभन्दा बढीको आर्थिक क्षति भएको छ । जिल्ला प्रहरी कार्यालय झापाले सार्वजनिक गरेको मासिक प्रगति प्रतिवेदन अनुसार आगलागी, हावाहुरी र जङ्गली जनावरको आक्रमणका कारण ठूलो परिमाणमा भौतिक तथा मानवीय क्षति भएको हो ।

प्रहरीको तथ्याङ्कअनुसार जिल्लाभर प्राकृतिक विपद्मा सबैभन्दा बढी क्षति आगलागीका कारण भएको छ । जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रञ्जन अवाका अनुसार जेठमा जिल्लाका विभिन्न स्थानमा १५ वटा आगलागीका घटना घटेका थिए । सो आगलागीका कारण नागरिकको घरगोठ र धनमाल नष्ट हुँदा रु छ करोड ३९ लाख ४० हजार बराबरको आर्थिक क्षति भएको हो । त्यसैगरी सोही महिनामा आएको ठूला हावाहुरीका कारण जिल्लाका विभिन्न स्थानमा गरी रु चार करोड सात लाख १६ हजार बराबरको क्षति भएको छ ।

झापामा रैथाने तथा सीमावर्ती क्षेत्रबाट आउने वन्यजन्तुको त्रास र प्राकृतिक प्रकोपको क्षति पनि उत्तिकै चुनौतीपूर्ण देखिएको छ । यस अवधिमा जङ्गली जनावरको आक्रमणका आठ वटा घटना भएका छन् । जसमा परेर एक जनाले ज्यान गुमाएका छन् भने नौ जना घाइते भएको तथ्याङ्क रहेको छ ।

# विदेशमा पिआर लिएर बसेका कर्मचारीलाई सरकारी सेवामा अयोग्य ठहरिने गरी कारबाहीको सिफारिस

काठमाडौँ । भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विदेशी मुलुकको आवासीय अनुमति लिएर लामो समयदेखि कार्यालयमा अनुपस्थित रहेका दुई जना कर्मचारीसँग स्पष्टीकरण माग गरेको बताइएको छ ।

मन्त्रालयले सूचना जारी गर्दै अध्ययन बिदा वा असाधारण बिदा समाप्त भएपछि आफ्नो पदाधिकार रहेको कार्यालयमा हाजिर नभई विदेशमै बसोबास गरिरहेकोले उहाँहरूमाथि कानुनी प्रक्रिया अघि बढाएको जनाएको हो ।

सूचनाअनुसार मन्त्रालयमा कार्यरत दुई जना कम्प्युटर अपरेटर अध्ययन र असाधारण बिदा सकिसकेपछी पनि लामो समयदेखि कार्यालयमा अनुपस्थित छन् । मन्त्रालयका अनुसार उहाँहरूले अस्थायी आवासीय अनुमति र स्थायी आवासीय अनुमति लिएको पाइएको हो । निजामती कर्मचारीले पदमा बहाल रहँदै विदेशी मुलुकको आवासीय अनुमति लिन वा सोका लागि आवेदनसमेत दिन नपाइने कानुनी व्यवस्था छ ।

स्वीकृत बिदा समाप्त भएपछि ३० दिन भित्र कार्यालयमा उपस्थित हुनुपर्नेमा अनुपस्थित रही निजामती सेवा ऐन विपरीतको कार्य गरेकोले उनीहरूलाई स्पष्टीकरणको सोधिएको हो ।

मन्त्रालयका अनुसार निजामती सेवा ऐन, २०४९ बमोजिम उनीहरूलाई भविष्यमा सरकारी सेवाका लागि समेत अयोग्य ठहरिने गरी कारबाही अघि बढाउनुपर्ने अवस्था देखिएकाले १५ दिनभित्र चित्तबुझ्दो आधार र प्रमाणसहित सफाइ पेश गर्न भनिएको छ ।

तोकिएको अवधिभित्र स्पष्टीकरण पेश नगरे वा पेश गरिएको स्पष्टीकरण सन्तोषजनक नभए प्रचलित कानुनअनुसार थप कारबाही प्रक्रिया अघि बढाइने मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले कार्यालयमा अनुपस्थित भई विदेशमा बसोबास गरिरहेका तथा लामो समयदेखि सम्पर्कविहीन रहेका अन्य कर्मचारीहरूको अवस्थाबारे समेत अध्ययन तथा खोजी कार्यलाई तीव्रता दिएको जनाएको छ ।

सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले निजामती सेवामा अनुशासन र जवाफदेहितालाई थप मजबुत बनाउन यस्ता गतिविधिमाथि निगरानी बढाइएको बताउनु भयो । मन्त्री रावलले निजामती सेवामा अनुशासन कायम गर्न मन्त्रालय प्रतिबद्ध रहेको बताउँदै कार्यालयमा अनुपस्थित रहेका कर्मचारीहरूको अवस्थाबारे अध्ययन भइरहेको र कानुनअनुसार आवश्यक निर्णय गरिने जानकारी दिनुभयो ।

# नागरिक चौतारीः सरकारलाई सिधै सुझाव दिन मिल्ने डिजिटल प्लेटफर्म

काठमाडौँ । देश तथा विदेशमा रहेका नेपाली नागरिकलाई राज्यका हरेक गतिविधिमा सिधै जोडन सरकारले डिजिटल प्रणाली 'नागरिक चौतारी' सञ्चालनमा ल्याउने तयारी गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उक्त डिजिटल प्लेटफर्मको प्रारम्भिक (बेटा) संस्करण छिट्टै सार्वजनिक गर्ने तयारी गरेको प्रधानमन्त्री बालेन्द्र शाहका स्वकीय उपसचिव प्रकृति ढकालले जानकारी दिनुभयो । उहाँकाअनुसार उक्त प्लेटफर्म सरकारका नीतिमाथि बहस गर्नमा मात्र सीमित नभई देशको समसामयिक विषयसँगै सरकारका योजना, नीति र अभ्यासमा नागरिकको सहज पहुँच पुर्‍याउने माध्यम बन्नेछ ।

नागरिकले मोबाइल वा कम्प्युटर बाटै देशका समस्या उठाउन, दुईतर्फी छलफल र व्यवहारिक समाधानका उपाय पनि सिधै सरकारसमक्ष पेश गर्न सक्नेछ । नागरिक चौतारीमार्फत नागरिकले सरकारलाई सिधै राय सुझाव उपलब्ध गराउन सक्छन भने सरकारले आम जनताको प्रत्यक्ष सहयोग र अपनत्व बढाउने विश्वास गरिएको छ । "यस डिजिटल प्लेटफर्मबाट सरकारले देश विकासका लागि योगदान दिन चाहने प्रतिभावान र मिहिनेती स्वयंसेवकको खोजी पनि गर्न सक्छ । देशभित्र वा बाहिर रहेका नेपाली नागरिकले यस प्लेटफर्म मार्फत देश विकासका लागि आफनो विज्ञता योगदान गर्न सक्नुहुनेछ", स्वकीय उपसचिव ढकालले भन्नुभयो ।

राष्ट्रिय योजना आयोगका सदस्य डा पुकार मल्लले नागरिक चौतारी जनताले खोजेको सुशासनको बलियो माध्यम बन्ने र यसले सरकारी नीति तथा अभ्यासलाई थप नागरिकमैत्री एवं नतिजामुखी बनाउने विश्वास व्यक्त गर्नुभयो । सार्वजनिक सेवा प्रवाह र सहभागितामूलक विकासको लागि उक्त माध्यम पारदर्शी हुने उहाँको भनाइ छ ।

हरेक नागरिकले सरल र सहजै रूपमा प्रयोग गर्न सक्ने गरी तयार भइरहेको नागरिक चौतारी डिजिटल प्लेटफर्मका साथै देशभरका नागरिकसँग प्रत्यक्ष 'इन-पर्सन' कार्यक्रममार्फत पनि जोडिने तयारी रहेको उहाँले जानकारी दिनुभयो ।

# गाउँपालिकास्तरीय लोकनृत्य प्रतियोगितामा किस्पाङ बहुप्राविधिक शिक्षालय प्रथम

प्रत्यूष समाचारदाता

किस्पाङ । नुवाकोटको किस्पाङ गाउँपालिकाको वार्षिक कार्यक्रमअन्तर्गत आयोजित लोकनृत्य प्रतियोगितामा समूह प्रस्तुतितर्फ किस्पाङ बहुप्राविधिक शिक्षालय, काहुले प्रथम भएको छ ।

'किस्पाङ प्रतिभाको खोजी कार्यक्रम' अन्तर्गत आज वडा नं ३ स्थित ऐँसेलु भूमे माध्यमिक विद्यालय, काहुलेमा आयोजित प्रतियोगितामा 'नानी त रैछौं...' बोलको समूह नृत्यमा सो शिक्षालयका विद्यार्थीले प्रथम स्थान हासिल गरेका हुन् । समूह नृत्यमा 'म्हेन्दोमाया...' बोलको गीतमा काहुलेकै ऐँसेलु भूमे माध्यमिक विद्यालय द्वितीय र तामाङसेलो नृत्यमा पञ्चलिङ्गेस्थित पञ्चलिङ्गे माध्यमिक विद्यालय तृतीय भएको छ ।

प्रथम, द्वितीय र तृतीय हुने विद्यालयलाई गाउँपालिकाका उपाध्यक्ष अर्जुनप्रसाद न्यौपाने, गाउँपालिकाका प्रवक्ता एवं वडा नं ५ का अध्यक्ष प्रकाश तामाङ डिमडिङ, प्रमुख प्रशासकीय अधिकृत केदारप्रसाद खतिवडा, निर्णायक समूहका संयोजक नृत्य निर्देशक याम गुरुङसहितले क्रमशः रु नौ हजार, रु सात हजार र रु पाँच हजार राशिसहित पुरस्कार प्रदान गर्नुभयो ।

यसैगरी, एकल नृत्यतर्फ 'यति राम्रो कस्को छोरा...' बोलमा ऐँसेलु भूमे माविका लुइस तामाङ, 'लौन न नि भैया...' बोलमा साल्मे माविका पवित्र विक र 'मेरो भेना इञ्जिनियर लाहुरे...' बोलमा होली भिजन पब्लिक बोर्डिक स्कुलका रवि तामाङले क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्नुभयो । एकलतर्फ प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने विद्यार्थीलाई क्रमशः रु पाँच हजार, रु चार हजार र रु तीन हजार नगदसहित पुरस्कार प्रदान गरियो । सामुदायिक आठ र संस्थागत चार गरी कुल १३ विद्यालयका विद्यार्थी सहभागी प्रगियोगितामा नृत्य निर्देशक गुरुङ संयोजक तथा कलाकारहरू दिपेश माझी र चन्द्रा सारु मगर सदस्य रहेको निर्णायक समितिले प्रस्तुति, वेषभूषा, ताल, हाउभाउ, स्टेज कभर आदिमा आधारित भई मूल्याङ्कन गरेको थियो ।

उक्त कार्यक्रमको शुभारम्भ गर्दै गाउँपालिकाका उपाध्यक्ष न्यौपानेले प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म गुणस्तरीय शिक्षा दिने र हरेक विधामा प्रतिभाहरूको पहिचान, प्रोत्साहन र राष्ट्रियकरणका लागि यसप्रकारको कार्यक्रम आयोजना गरिएको बताउनुभयो । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत खतिवडाले सामाजिक चेतनाको विस्तारका साथै विद्यार्थीमा लुकेर रहेका प्रतिभाको उजागर गर्न यस्ता कार्यक्रमले महत्त्वपूर्ण टेवा दिने बताउनुभयो ।

कार्यक्रममा गायक तथा सङ्गीतकार वैकुण्ठ महतका साथै विभिन्न विद्यालयका शिक्षकले पनि प्रस्तुति गर्नुभएको थियो ।

'किस्पाङ गाउँपालिकाभित्र प्रतिभाको खोजी कार्यक्रम'अन्तर्गत बिहीबार वक्तृत्वकला र चित्रकला कार्यक्रम आयोजना गरिने गाउँपालिकाका शिक्षा शाखा प्रमुख सरोज अधिकारीले जानकारी दिनुभयो ।

# निजी क्षेत्रलाई गरिखाने वातावरण सिर्जना गर्ने

काठमाडौँ । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सरकार निजी क्षेत्रलाई गरिखाने वातावरण सिर्जना गर्न तथा लगानीमैत्री वातावरण निर्माण गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ ।

नेपाल चेम्बर अफ कमर्सद्वारा यहाँ बुधबार आयोजित आर्थिक तथा व्यावसायिक गतिविधि विस्तार, लगानीमैत्री वातावरण निर्माण तथा समसामयिक आर्थिक विषयसम्बन्धी छलफल र संवाद कार्यक्रममा अर्थमन्त्री डा वाग्लेले उत्पादन र लगानीमार्फत प्राप्त हुने समृद्धिको मार्गमा सरकार अघि बढिरहेको बताउनुभयो ।

अर्थमन्त्री डा वाग्लेले सम्पत्ति शुद्धीकरण तथा सम्पत्ति छानबिनका नाममा व्यवसायीलाई अनावश्यक दुःख दिने सरकारको उद्देश्य नरहेको स्पष्ट पार्दै गैरकानुनी रूपमा सम्पत्ति आर्जन गर्ने तथा राज्यलाई हानि पुर्‍याउने व्यक्तिमाथि मात्र कारबाही गरिने बताउनुभयो ।

"इमानदार व्यवसायी डराउनुपर्ने अवस्था छैन, गलत कार्य गर्नेहरू मात्रै कारबाहीको दायरामा आउनेछन्", उहाँले भन्नुभयो । अर्थमन्त्री डा वाग्लेले निजी क्षेत्रलाई सहयोग पुग्नेगरी आगामी मौद्रिक नीति ल्याइने जानकारी दिँदै अर्थतन्त्रलाई चलायमान बनाउन सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको बताउनुभयो । शेयर बजारमा केही विचलन देखिए पनि त्यसलाई व्यवस्थित र विश्वासिलो बनाउने दिशामा सरकार काम गरिरहेको उल्लेख गर्दै उहाँले आर्थिक गतिविधिलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने बताउनुभयो । घरबहाल कर प्रभावकारी रूपमा कार्यान्वयन गरिने उल्लेख गर्दै अर्थमन्त्री डा वाग्लेले विगतमा कर नतिर्ने प्रवृत्तिलाई हटाइने बताउनुभयो । अर्थमन्त्री वाग्लेले सातामा दुई दिन सार्वजनिक बिदाको व्यवस्थाले पर्यटन क्षेत्रलाई चलायमान बनाउन सहयोग पुगेको तथा बजार गतिविधिमा सकारात्मक प्रभाव परेको दाबी गर्नुभयो । उहाँले राज्यको दीर्घकालीन हितलाई केन्द्रमा राखेर आर्थिक नीति तर्जुमा गरिएको उल्लेख गर्दै नेपालका अन्तरराष्ट्रिय विमानस्थलको उपयोग वृद्धि गर्न कूटनीतिक तहबाट पहल भइरहेको जानकारी दिनुभयो । घरजग्गा कारोबारलाई पनि क्रमशः चलायमान बनाउने गरी सरकारले आवश्यक नीतिगत व्यवस्था अघि बढाइरहेको उहाँको भनाइ थियो । व्यवसायीले लगानीमैत्री वातावरण, नीतिगत स्थिरता, कर सुधार तथा निजी क्षेत्रको मनोबल बढाउने कार्यक्रम कार्यान्वयनमा जोड दिएका थिए ।

# कूटनीति पहलमार्फत चिया निर्यातमा देखिएको अवरोध हटाउन माग

काठमाडौँ । नेपाल उद्योग वाणिज्य महासङ्घले कूटनीति पहल गरी चिया निर्यातमा देखिएको अवरोध हटाउन आग्रह गरेको छ ।

भारतीय चिया बोर्डले मे १ देखि लागु गरेको नयाँ 'स्ट्यान्डर्ड अपरेटिङ्ग प्रोसिज' र प्रत्येक खेपमा अनिवार्य परीक्षण गर्ने अव्यवहारिक मापदण्डका कारण नेपाली चिया निर्यातमा अवरोध पैदा भएको महासङ्घले जनाएको छ । नेपालको चिया क्षेत्र कृषि, उद्योग, निर्यात तथा रोजगारीका दृष्टिले अत्यन्त महत्वपूर्ण र रणनीतिक क्षेत्रको रूपमा स्थापित रहेको उल्लेख गर्दै महासङ्घले नेपाल चिया उत्पादक सङ्घबाट प्राप्त पछिल्लो वस्तुस्थिति र मागलाई मध्यनजर गर्दै तत्काल ठोस कूटनीतिक र नीतिगत कदम चाल्न सरकार समक्ष माग गरेको छ ।

नेपालको चिया क्षेत्र राष्ट्रिय अर्थतन्त्र र ग्रामीण रोजगारीको एक बलियो सतम्भको रूपमा रहेको जानकारी दिँदै महासङ्घले वार्षिक करिब रु १२ अर्बदेखि रु १४ अर्ब बराबरको कारोबार गर्दै आएको स्पष्ट पारेको छ । यस्तै, वार्षिक रु पाँच अर्बभन्दा बढीको चिया भारततर्फ निर्यात गरी मुलुकको व्यापार घाटा न्यूनीकरणमा महत्वपूर्ण योगदान दिँदै आएको छ ।

चिया उद्योगमा ६० हजारभन्दा बढी कर्मचारी तथा मजदुरलाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ । राज्यलाई वार्षिक करिब रु एक अर्ब राजस्व बुझाउने यो क्षेत्र समस्यामा परेकामा महासङ्घले चिन्ता व्यक्त गरेको छ ।

चिया क्षेत्रलाई जोगाउन चिया क्षेत्रमा आश्रित किसान, मजदुर र उद्यमीको भविष्यसँग जोडिएको यस संवेदनशील विषयलाई सरकारले उच्च प्राथमिकतामा राखी तत्काल कुटनीतिक तवरले समाधान गर्न महासङ्घले सरकारसँग माग गरेको छ ।

# नागरिक लगानी कोष र एभरेष्ट बैंकबीच अवकाश कोष सञ्चालन सम्झौता

काठमाडौँ । नागरिक लगानी कोष र एभरेष्ट बैंक लिमिटेडबीच बैंकका कर्मचारीको अवकाश कोष व्यवस्थापन तथा सञ्चालन गर्ने सम्बन्धमा बुधबार द्विपक्षीय सम्झौता भएको छ ।

सम्झौतामा कोषकोतर्फबाट निर्देशक नवराज खड्का र बैंककोतर्फबाट प्रमुख वित्तीय अधिकृत राजन कायस्थले हस्ताक्षर गर्नुभयो । सम्झौतामा बैंकका स्थायी, अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीको योगदानमा आधारित वा गैरयोगदानमा आधारित उपदान कोष तथा अतिरिक्त अवकाश कोषको व्यवस्थापन र कार्यान्वयन कोषले गर्ने उल्लेख छ । कोषले सहभागी कर्मचारीको व्यक्तिगत खाता तयार गरी परिचयपत्र उपलब्ध गराउने, बैंकबाट प्राप्त रकम र विवरणअनुसार खाता अद्यावधिक गर्ने तथा बैंकको सिफारिसमा सेवानिवृत्त कर्मचारीलाई नियमानुसार कर कट्टा गरी अवकाश रकम भुक्तानी गर्ने कार्य गर्नेछ ।

साथै, कर्मचारीले कोषमा योगदान गरेको रकमबाट आर्जन गरेको ब्याज, प्रतिफल तथा अन्य अतिरिक्त सुविधा कोषको नियममा उल्लेख भएअनुसार पाउनेछन् ।

सम्झौताअनुसार आयकर ऐन, २०५८ बमोजिम स्वीकृत अवकाश कोषमा रहेका कर्मचारीको साविकको रकम र बहाल रहेका कर्जासमेतलाई कोषमा रकमान्तर गरी समायोजन गरिने सम्झौतामा उल्लेख छ ।

# दलित परिवारलाई सामाजिक अन्तरघुलन गराउने

काठमाडौँ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्ग राज पौडेल (गनेस)ले सबै जिल्लामा दलित परिवारलाई घरबास(होमस्टे)मार्फत सामाजिक अन्तरघुलन गराइने बताउनुभएको छ । विनियोजन विधेयक, २०८३ अन्तर्गत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित शीर्षकमाथिको छलफलमा सांसदहरूले उठाएका जिज्ञासाको बुधबार प्रतिनिधिसभामा जवाफ दिँदै उहाँले विगत वर्षभन्दा आगामी आर्थिक वर्षमा पर्यटन र संस्कृति क्षेत्रमा बजेट वृद्धि भएको बताउनुभयो । "बजेटले विकास सँगसँगै असमानताको अन्त्य गर्नुपर्छ भन्ने सोच र धारणा बोकेको हुन्छ", उहाँले भन्नुभयो, "सामाजिक असमानताको अन्त्य गर्ने ध्येय राखेर हामीले मुलुकभरका ७७ वटै जिल्लामा एउटा-एउटा दलित होमस्टे सञ्चालनमा ल्याउने कार्यक्रम समावेश गरेका छौँ ।" मन्त्री पौडेलले दलित होमस्टेले अन्य समुदाय र दलितबीच सामाजिक अन्तरघुलन गराउन समेत महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा राखेको बताउनुभयो ।

"सरकारी निकायले दलित होमस्टेमा अनिवार्य रूपमा कार्यक्रम गर्नुपर्ने व्यवस्था पनि मिलाएका हौँ", उहाँले भन्नुभयो । पर्यटन मन्त्रालयसँग बजेट तथा कार्यक्रम माग गर्नेको सङ्ख्या निकै उच्च रहेको छ । "यो मन्त्रालय सधैँ उपेक्षामा परेको थियो । सबैका योजना र सबैलाई समेट्ने गरी बजेट ल्याउन निकै कठिन र दुःख हुने गर्छ ।

प्रत्यूष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com